उच्च अदालत दिपायल, डोटी २०७३

श्री

# उच्च अदालत दिपायल

## संयुक्त इजलास

**माननीय न्यायाधीश श्री शेषराज शिवाकोटी**

**माननीय न्यायाधीश श्री सीताराम मण्डल**

**इजलासनं.-१**

**फैसला**

निर्णय नम्बरः-१२७

रजिष्ट्रेशन नं.१६-०७७-००११४

**मुद्दा नं. ०७७-WO-०००६**

**फैसला मिति:-२०७७/८/१५/२**

गोविन्द प्रसाद श्रेष्ठको छोरा जिल्ला कैलाली, जोशीपुर गाउँपालिका वडा नं.-७ बस्ने रामजानकी सप्लायर्सका प्रोपराईटर सतिस प्रसाद श्रेष्ठ ........................ **निवेदक**

**बिरुद्ध**

धनगढी उपमहानगरपालिका, कैलाली....................................................१
ऐ.का नगर प्रमुख ...........................................................................२
धनगढी उपमहानगरकार्यपालिकाको कार्यालय, धनगढी कैलाली ..................३
ऐ.का प्रमुख प्रशासकीय अधिकृत.........................................................४
ऐ.का आ.ले.प अधिकृत लेखनाथ ओझा ................................................५

**प्रत्यर्थी**

**मुद्दाः- उत्प्रेषण र परमादेश समेत ।**

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत निवेदनपत्र सहितको मुद्दाको संक्षिप्त तथ्य, ठहर र तपसिल खण्ड यस प्रकार छः-

**१-तथ्य खण्ड**

१. बिपक्षी धनगढी उपमहानगरपालिकाले आ.ब.२०७७/०७८ को लागि कवाडी सामानहरुको कर संकलन गर्ने कार्य ठेक्कामा दिन सर्वप्रथम मिति २०७७/१/३० मा न्यूनतम १,३५,००,०००/- मा ठेक्का सिलबन्दी आह्वान गरेकोमा कसैले पनि ठेक्का प्रस्ताव नहालेको, त्यसपछि दोश्रो पटक मिति २०७७/२/३२ मा पुनःदोश्रो पटक १५ दिने

न्यूनतम १,१५,००,०००।—रुपैयाको ठेक्काको सिलबन्दी आँह्वान गर्दा पनि कसैको ठेक्का प्रस्ताव नपरेकोमा पुनः मिति २०७७।३।१७ मा तेश्रो पटक ७ दिने न्यूनतम १ करोड रुपैयाको ठेक्का आह्वान गर्दा समेत कसैले पनि ठेक्का नहालेको हुदा चौथो पटक मिति २०७७/३/२५ मा ७ दिने न्यूनतम ठेक्का रकम रु.८१,००,०००/-को सिलबन्दी बोलपत्र आह्वानको सूचना गर्दा निर्धारित मिति र समय भित्र बिपक्षीहरुबाट बोलपत्र खरिदी तोकिएको मापदण्ड बमोजिम मैले सो ठेक्काको बोलपत्र प्रस्तव पेश गरी रु.६,००,०००/- सिलबन्दी बोलपत्र ठेक्का प्रस्ताव संगै तोकिएको ५ प्रतिशत भन्दा बढी रकम नगद धरौटी राखी रु.८१,०५,०००/-को ठेक्का प्रस्ताव पेश गरेको छु। मेरो सो ठेक्का प्रस्ताव निर्विवाद एक मात्र प्रस्ताव भइ निर्धारित तोकिएको समयमा बिपक्षी कार्यालयमा दर्ता गरेको हुँ। मेरो एक मात्र ठेक्का बोलपत्रको प्रस्ताव कानूनी प्रकृया मुतावीक परेको हुंदा सो सिलबन्दी ठेक्का प्रस्ताव खोली मूल्याकन प्रकृया अपनाई सदर गर्नु पर्नेमा बिपक्षीहरुले सो मेरो एक मात्र निर्विवाद ठेक्का प्रस्तावको वास्ता नगरी नखोली अनेक बहानाबाजी गरेर सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३८,५९,७५ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ बिपरित बिपक्षीहरुले मलाई सो ठेक्काबाट जसरी पनि बन्चित गराउने उद्देश्यले मिति २०७७/६/१ को बिपक्षीहरुको टिप्पणी र आदेशमा झुठ्ठा आधारहरु उल्लेख गरी मेरो ठेक्का प्रस्तावको सिलबन्दी नखोली मलाई कुनै जानकारी सूचना नदिई अर्को सूचना जारी गर्ने भनी गरेको गैरकानूनी निर्णय बमोजिम २०७७/६/२ मा अझ पांचौं पटक भनी सोही कवाडी सामानको करको लागि मैरो ठेक्का प्रस्तावको सिलबन्दी नखोली न्यूनतम १ करोड रुपैयाको ठेक्का पुनः आह्वान गरेको सूचना बिपक्षीहरुले प्रकाशित गरेकोले सो गैरकानूनी सूचना समेत नेपालको संविधानको धारा १४४(१)(२) तथा न्याय प्रशासन ऐन ,२०७३ को दफा ८(१) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी चौथो पटक मिति २०७७/३/२५ को सूचना बमोजिम मैले पेश गरेको सिलबन्दी प्रस्ताव खोली कवाडी सामान संकलन गर्ने ठेक्का सदर गर्नु गराउनु भनी बिपक्षीहरुका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञाआदेश जारी गरिपाउँ तथा बिपक्षीहरुले मिति २०७७/६/१ मा गरेको टिप्पणी आदेश निर्णय तथा मिति २०७७/६/२ मा गरेको पाचौं पटकको ७ दिने ठेक्का बोलपत्र आह्वानको सूचना तत्काल कार्यान्वयन नगर्नु नगराउनु र चौथो सूचना बमोजिम पेश भएको ठेक्का बोलपत्र प्रस्ताव तत्काल खोल्नु भनी बिपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने समेत ब्यहोराको रीट निवेदक सतिस प्रसाद श्रेष्ठको निवेदनपत्र ।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाको म्याद बाहेक १५ पन्ध्र दिन भित्र बिपक्षी नं.४ का हकमा उच्च सरकारी वकील कार्यालय, दिपायल मार्फत र अन्य बिपक्षीका हकमा आफै

वा आफनो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी बिपक्षीहरुको नाममा सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु। साथै प्रस्तुत निवेदनमा अन्तरिम आदेश समेतको माग भए सम्बन्धमा बिचार गर्दा, अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षको भनाई सुनी निर्णयमा पुग्न उपयुक्त हुने र बिषयवस्तुको गाम्भिर्यतालाई बिचार गरी शिघ्र निर्णय दिनुपर्ने देखिदा समेत निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा छलफल गर्नका लागि यही मिति २०७७/६/८ गतेका दिन आफनो प्रमाण कागजात सहित दिनको १० बजे यस अदालतमा उपस्थित हुनु भनि बिपक्षीहरुलाई सूचना दिनु"। भन्ने व्यहोराको मिति २०७७/६/७ को आदेश ।

३. यसमा,प्रत्यर्थी धनगढी उपमहानगरपालिकाबाट मिति २०७७/३/२५ मा प्रकाशित गरेको चौथो पटकको बोलपत्रमा निवेदकले मिति २०७७/३/३१ गते बोलपत्र पेश गरेको देखिन्छ। निवेदकले पेश गरेको बोलपत्र प्रत्यर्थी धनगढी उपमहानगरपालिकाबाट मिति २०७७/६/१ मा रद्द गरी पुन: पाचौं पटक मिति२०७७/६/२ मा ७ दिन भित्र बोलपत्र पेश गर्ने सम्बन्धमा बोलपत्र आह्वान गरिएको देखिन्छ। निवेदकबाट मिति २०७७/३/३१ मा पेश भएको बोलपत्रको मूल्यांकन नै नभई रद्द गर्ने धनगढी उप महानगरपालिकाका प्रमुखबाट मिति २०७७/६/१ मा भएको देखिन्छ। उक्त निर्णय के कुन कानूनी आधारबाट भएको भन्ने टिप्पणी आदेशमा उल्लेख नगरी रद्द गर्ने गरी आदेश भएको पाईन्छ। निवेदकले पेश गरेको बोलपत्रमा मिति २०७७/३/२५ मा प्रकाशित सूचनाको दफा ५ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ बमोजिम नखोलिए कै अवस्थामा रद्द गरी पाचौं पटक मिति २०७७/६/२ मा प्रकाशित सूचना बमोजिमको प्रकृया सुविधा सन्तुलनको आधारमा उच्च अदालत नियमावली, २०७३ को नियम ४.२(१) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ (२) बमोजिम प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म यथास्थितिमा राख्नु भनी प्रत्यर्थीहरुको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ। प्रस्तुत निवेदनको बिषयको गाम्भिर्यता समेतको आधारमा निवेदन अग्राधिकार दिई सुनुवाईको लागि पेश गर्नू। यो आदेशको जानकारी प्रत्यर्थीहरुलाई छिटो साधनबाट दिनू"। भन्ने व्यहोराको मिति २०७७/६/८ को आदेश।

४. धनगढी उपमहानगरपालिकाले कवाडी कर संकलन कार्यको टेण्डर आह्वान गरी दर्ता गर्ने समय समाप्त भई सकेपछि यी रिट निवेदकको बोलपत्र कार्यालयमा केही समय ढिला गरी दर्तामा बुझाएको भन्ने टीका टिप्पणी हुंदा बोलपत्र खोली प्रकृया अगाडी बढाउँदा पारदर्शिता र निस्पक्षताका आधारमा उपयुक्त नदेखिई रिट निवेदकको बोलपत्र प्रस्ताव नखोली सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६४ बमोजिम सुरक्षित यथास्थितिमा राखिएको हो, भने अर्कोतिर Covid-19 का कारण बोलपत्रको प्रकृयामा सहभागिता जनाउन नसकेको भनी स्थानीयहरुले मनसाय ब्यक्त गरेको कारण निवेदकलाई

निजको वोलपत्र फिर्ता लैजान आग्रह गर्दा निजलै फिर्ता नलिएकोले रद्द गरिएको हो भन्ने समेत ब्यहोराको प्रत्यर्थी धनगढी उपमहानगरपालिका, ऐ.कार्यालयका कार्यालय प्रमुख, ऐ.का प्रमुख प्रशासकीय अधिकृत, ऐ.का आ.ले.प.अधिकृत समेतको संयुक्त लिखितजवाफ ।

**२.ठहर खण्ड**

५. नियम बमोजिम सासाहिक तथा आंजको दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदककोतर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री रण बहादुर सिंहले ३ पटकसम्म बोलपत्र आह्वान गर्दा कसैको पनि बोलपत्र नपरेको र चौथो पटकको सूचनामा मेरो पक्षको एकमात्र बोलपत्र पेश भएकोले मेरो पक्षले पेश गरेको बोलपत्र खोली ठेक्का दिनु पर्नेमा सो नगरी पुनःपांचौ पटक बोलपत्र पेश गर्ने भनी टिप्पणी उठी सो टिप्पणीमा आदेश भई सूचना समेत प्रकाशित भएकोले उक्त टिप्पणी र आदेश तथा सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरी बोलपत्र खोली मलाई ठेक्का उपलब्ध गराई पाउँ भनी बिपक्षीहरुको नाउँमा परमादेश समेत जारी गरिपाउँ भनी गर्नु भएको बहस सुनियो। त्यसै गरी प्रत्यर्थीको तर्फबाट उपस्थित बिद्वान अधिवक्ता श्री भरत बहादुर सिंहले Covid-19 का कारण बोलपत्रको प्रकृयामा सहभागिता जनाउन नसकेको भनी स्थानीयहरुले गुनासो ब्यक्त गरेको र निवेदकको बोलपत्र समेत केही ढिला प्राप्त भएको भनी कुरा उठेकोले उक्त चौथो पटक परेको १ मात्र बोलपत्र तत्काल नखोली पुनः पाचौं पटकको लागि बोलपत्र खोल्ने निर्णय गरी सूचना आह्वान गरिएको हो भनी गर्नु भएको बहस समेत सुनीयो।

६. यस्तो अवस्थामा धनगढी उपमहानगरपालिकाकोतर्फबाट भएको उक्त निर्णय तथा सूचनाहरु कानून अनुसार भए गरेका हुन, होईनन ? निवेदकको माग बमोजिम रिट जारी हुनु पर्ने हो वा होईन ? भन्ने सम्बन्धमा नै निर्णय दिनु पर्ने देखिन आएको छ।

७. निर्णय तर्फ बिचार गर्दा, बिपक्षी धनगढी उपमहानगरपालिकाले आ.ब.२०७७/०७८ को लागि कवाडी सामानहरुको कर संकलन गर्ने कार्य ठेक्कामा दिन पहिलो देखी क्रमशः तेश्रो पटकसम्म सिलबन्दी बोलपत्र आह्वान गरेकोमा कसैको पनि बोलपत्र नपरी चौथो पटक मिति २०७७/३/२५ मा ७ दिने म्याद दिई न्यूनतम ठेक्का रकम रु.८१,००,०००/- को सिलबन्दी बोलपत्र आह्वानको सूचना गर्दा मैले सो ठेक्काको बोलपत्र प्रस्ताव पेश गरेकोमा सो मेरो एकमात्र निर्विवाद ठेक्का प्रस्तावको वास्ता नगरी, नखोली पांचौं पटक भनी सोही कवाडी सामानको करको लागि न्यूनतम १ करोड रुपैयाको ठेक्का पुनः आह्वान गरेको सूचना बिपक्षीहरुले प्रकाशित गरेकोले सो गैरकानूनी सूचना समेत नेपालको संबिधानको धारा १४४ (१) (२) तथा न्याय प्रशासन ऐन,२०७३ को दफा ८(१) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी चौथो पटक मिति २०७७/३/२५ को सूचना बमोजिम मैले पेश गरेको सिलबन्दी प्रस्ताव खोली कवाडी सामान संकलन गर्ने ठेक्का सदर गर्नु गराउनु भनी बिपक्षीहरुका नाउँमा परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ तथा बिपक्षीहरुले मिति २०७७/६/१ मा गरेको टिप्पणी र आदेश

निर्णय तथा मिति २०७७/६/२ मा गरेको पाँचौ पटकको ७ दिने ठेक्का बोलपत्र आह्वानको सूचना तत्काल कार्यान्वयन नगर्नु नगराउनु र चौथो सूचना बमोजिम पेश भएको ठेक्का बोलपत्र प्रस्ताव तत्काल खोल्नु भनी बिपक्षीहरुको नाउँमा अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने समेत ब्यहोराको निवेदक सतिस प्रसाद श्रेष्ठको निवेदन परी, धनगढी उपमहानगरपालिकाले कवाडी कर संकलन कार्यको टेण्डर आह्वान गरी दर्ता गर्ने समय समाप्त भई सकेपछि यी रिट निवेदकको बोलपत्र कार्यालयमा केही समय ढिला गरी दर्तामा बुझाएको भन्ने टीका टिप्पणी भएको र Covid-19 का कारण बोलपत्रको प्रकृयामा सहभागिता जनाउन नसकेको भनी स्थानीयहरुले मनसाय ब्यक्त गरेको कारण निवेदकको सिलबन्दी बोलपत्र रद्द गरिएको हो भन्ने समेत ब्यहोराको संयुक्त लिखित जवाफ परेको देखिन्छ।

८. यसमा धनगढी उपमहानगरपालिकाले आ.ब.२०७७/०७८ को लागि कवाडी सामानहरुको कर संकलन गर्ने कार्य ठेक्कामा दिनको लागी पहिलोपटक २०७७/१/३०, दोश्रो पटक २०७७/२/३२, तेश्रो पटक २०७७/३/१७ मा ठेक्का सिलबन्दीको आह्वान गर्दा कसैको ठेक्का प्रस्ताव नपरेको र चौथो पटक मिति २०७७/३/२५ मा ७ दिने सिलबन्दी बोलपत्रको आह्वान गर्दा निर्धारित मिति समयभित्र बोलपत्र खरिद गरी तोकिएको मापदण्डभित्र रामजानकी सप्लायर्स कैलाली, धनगढीका प्रोपराईटर निज निवेदक सतिस प्रसाद श्रेष्ठले ठेक्का बोलपत्रको प्रस्ताव पेश गरी रु.६,००,०००/-(छ लाख) सिलबन्दी बोलपत्र ठेक्का प्रस्तावसंगै तोकिएको ५ प्रतिशत भन्दा बढी रकम नगद धरौट राखि रु.८१,०५,०००/- (एकासी लाख पांच हजार) पेश गरेकोमा कानूनी प्रकृया मुताविक परेको सो सिलबन्दी ठेक्का प्रस्ताव खोली मूल्यांकन प्रकृया अपनाई ठेक्का बारेमा उचित निर्णय गर्नु पर्नेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३,८,५९, ७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ बिपरित २०७७/६/१ को टिप्पणी आदेश र सोही टिप्पणी आदेश बमोजिम कवाडी कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी मिति २०७७/६/२ मा पांचौपटक प्रकाशित गरिएको सूचना उपरोक्त उल्लेखित ऐन, तथा नियमावलीमा उल्लेखित कानूनी व्यवस्था विपरित रहेकोले धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनगढी कैलालीले कवाडी करको ठेक्का सम्बन्धमा उठाएको मुचुल्का, टिप्पणी आदेश र सोही टिप्पणी आदेशको आधारमा धनगढी उपमहानगरपालिका, नगरकार्यपालिका कार्यालय धनगढी कैलालीले कवाडी कर संकलन गर्ने कार्य ठेक्का दिने सम्बन्धी पांचौ पटक प्रकाशित मिति २०७७/६/२ को सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरि दिएको छ। साथै निवेदकले मिति २०७७/३/२५ को प्रकाशित धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय धनगढी कैलालीको सूचना बमोजिम निवेदक सतिस प्रसाद श्रेष्ठले पेश गरेको सिलबन्दी बोलपत्र प्रस्ताव प्रचलित कानूनले निर्धारण गरेको प्रकृया अपनाई खोली त्यसपछिको कानून बमोजिमको प्रकृया अघि बढाउनु भनी धनगढी

उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनगढी कैलाली समेतका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको प्रतिलिपि समेत साथै राखी छिटो साधनद्वारा धनगढी उपमहानगरपालिका, नगरकार्यपालिका समेतलाई सूचना दिनू। प्रस्तुत मुद्दामा मूल दायरीको लगत कट्टा गरी प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नू।

सीताराम मण्डल
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

शेषराज सिवाकोटी
न्यायाधीश

इजलास अधिकृत :- नन्दराज उपाध्याय प्रमाणिकरण मिति २०७७/८/१८/५
कम्प्युटर अपरेटरः- धनराज पुरी
इति सम्वत २०७७ साल मंसिर महिना १५ गते रोज २ शुभम् .......................।

# उच्च अदालत दिपायल

## डोटी

☎०९४-४४०२२७
☎ ४४०१९४
☎ ४४०१८६

**Email:**info.hcdipayal@acourt.gov.np

**077-wo-0006**

चलानी नं.- १६ ८२

पत्र संख्याः-०७७/०७८

मितिः-२०७७/०८/१८

बिषय : फैसलाको प्रतिलिपि पठाईएको बारे।

श्री धनगढी उप महानगरपालिका
धनगढी कैलाली

उपरोक्त विषयमा निवेदक सतिस प्रसाद श्रेष्ठ प्रत्यर्थी धनगढी उप-महानगरपालिका समेत भएको उत्प्रेषण परमादेश मुद्दामा यस अदालतबाट मिति २०७७।८।१५ मा भएको फैसलाको प्रमाणित प्रतिलिपी यसै साथ पठाईएको ब्यहोरा अनुरोध छ ।

०७७।०८।१८

प्र. रजिष्ट्रार